नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह क्षमता विकास शाखा )

(१)

प.सं.०७९/८०
च.न. ०६८

मिति :२०७९/०५/०७

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय(सबै प्रदेश)
श्री स्थानीय तह(सबै)

बिषय : छात्रवृत्तिमा अध्ययनका लागि मनोनयन गरी पठाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीको क्षमता विकासका लागि स्थानीय शासन, सङ्घीयता, सार्वजनिक व्यवस्थापन, सार्वजनिक नीति तथा विकास व्यवस्थापनका क्षेत्रमा स्वदेश भित्रै उच्चस्तरीय जनशक्तिको उत्पादन तथा विकास गरी सार्वजनिक क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र काठमाण्डौ विश्वविद्यालय बीच मिति २०७७।०७।१७ मा समझदारी पत्रमा हस्ताक्षर भएको छ। समझदारीका आधारमा आ.व.०७९/८० मा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम(PLGSP)मार्फत् दायित्व व्यहोर्ने गरी **प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीमध्ये ७ जना, स्थानीय तहमा कार्यरत कर्मचारीमध्ये ७ जना तथा सङ्घीय निजामती सेवामा कार्यरत कर्मचारीहरू मध्ये १ जना गरी जम्मा १५ जनाका** लागि Kathmandu University, School of Management बाट सञ्चालन हुने सार्वजनिक नीति तथा व्यवस्थापन(MPPM) विषयमा स्नातकोत्तर अध्ययन गर्न छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेको छ। तहाँ प्रदेश/स्थानीय तहमा कार्यरत कम्तिमा अधिकृत छैठौं तहको पदमा कार्यरत तपसिलका योग्यता पुगेका प्रत्येक प्रदेशबाट २ जना (प्रदेश निजामती सेवाका १ जना र स्थानीय सेवाका १ जना) कर्मचारी मनोनयन गरी २०७९।०५।१५ गते सम्ममा मन्त्रालय (स्थानीय तह क्षमता विकास शाखा)को इमेल ठेगाना local.capacity.section@mofaga.gov.np मा पठाइदिनु हुन निर्णयानुसार अनुरोध छ ।

तपसिल

१. अध्ययनका लागि इच्छुक कर्मचारीको योग्यता देहाय बमोजिम हुने छ।
   - प्रदेश तथा स्थानीय तहमा कम्तीमा छैठौं तहको पदमा कार्यरत रहेको,
   - सङ्घीय निजामती सेवाको हकमा कम्तीमा रा.प. तृतीय श्रेणीको पदमा कार्यरत रहेको,
   - उल्लिखित सरकारी सेवाको स्थायी पदमा अविच्छिन्न रूपमा कम्तीमा ३ वर्ष सेवा अवधि पूरा भएको,
   - प्रदेश तथा स्थानीय तहमा लोकसेवा आयोगको सिफारिसमा नयाँ नियुक्ति पाएका कर्मचारीको हकमा सोही सेवामा नियुक्ति पश्चात ३ बर्ष सेवा अवधि पूरा भएको,
   - कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम समायोजन भएको कर्मचारीको हकमा समायोजन पूर्वको सेवा अवधि समेत गणना हुने,
   - कुनै विषयमा स्नातक तह उत्तिर्ण गरेको ।

२. सङ्घीय निजामती सेवाका कर्मचारीको हकमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वा अन्तरगत कम्तीमा रा.प. तृतीय श्रेणीको पदमा कार्यरत रहेको हुनुपर्नेछ ।

३. सङ्घीय निजामती सेवाको कर्मचारीको हकमा मनोनयनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा निवेदन दिनु पर्नेछ। प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीको हकमा

नेपाल सरकार

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह क्षमता विकास शाखा )

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय सेवामा कार्यरत कर्मचारीको हकमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय मार्फत् मनोनयन भई आउनु पर्नेछ।

४. मनोनयन भएका कर्मचारीमध्ये Kathmandu University, School of Management ले सञ्चालन गर्ने प्रवेश परीक्षाबाट योग्यताक्रमको आधारमा छनौट भएका प्रत्येक प्रदेशबाट प्रदेश निजामती सेवाका १/१ जना र प्रदेश भित्रको स्थानीय सेवाका १/१ जना गरी १४ र सङ्घीय निजामती सेवाका १ जना गरी जम्मा १५ जना कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ तथा नियमावली,२०५० बमोजिम तलबी अध्ययन विदा उपलब्ध गराइने छ ।

५. अध्ययनका लागि मनोनयनमा परेका कर्मचारीको Kathmandu University, School of Management को वेवसाइट www.kusom.edu.np बाट भर्ना प्रक्रियाबारे विस्तृत जानकारी प्राप्त गरी https://www.kusom.edu.np/index1.php मार्फत भर्ना फारम समेत भर्न लगाई सो को प्रिन्ट कपी यसैसाथ संलग्न गर्नुपर्नेछ ।

६. निवेदन पेश गर्दा निम्न विवरण उल्लेख गरी पेश गर्नुपर्नेछ ।

| नाम,थर | क.सं.नं. | पद | हालको श्रेणी/तहमा नियुक्ति मिति | हालको श्रेणी / तह भन्दा तल्लो पदमा नियुक्ति मिति | हाल कार्यरत निकाय | मोवाइल नम्बर र इमेल ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

७. मनोनयन गरी पठाउँदा २(दुई बर्ष) अध्ययन विदा दिन सकिने व्यहोरा खुलाएको हुनुपर्नेछ।

८. थप जानकारीको लागि :-

शा.अ. हरि प्रसाद पौडेल - ९८५११११५७५

शा.अ. प्रदिप कुमार खड्का - ९८५१२५३७९८

(खगेन्द्र पौडेल)
शाखा अधिकृत

बोधार्थः-

श्री प्रशासन सुधार,जनशक्ति योजना तथा विकास महाशाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- छात्रवृत्ति समितिको बैठकमा पेश गरिदिनुहुन ।

श्री सूचना तथा प्रविधि शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- पत्र वेवसाइटमा अपलोड गरी सम्पूर्ण प्रदेश र स्थानीय तहमा Email गरिदिनु हुन ।